शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ४ २०८२ भाद्र २३

## भाग-२

शिवालय गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

# कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धि कार्यविधि, २०८२

कार्यविधि स्वीकृत मितिः २०८२।०५।१७

**प्रस्तावनाः** शिवालय गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भई कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टी हुने कन्टिजेन्सी रकम खर्च गर्ने प्रक्रियालाई व्यवस्थित, वस्तुनिष्ठ, विश्वासनीय, पारदर्शी एवं मितव्ययी बनाउन बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शिवालय गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**ऐन**" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनुपर्छ।

(ख) "**कन्टिन्जेन्सी रकम**" भन्नालय योजना कार्यान्वयनको क्रममा आउन सक्ने अप्रत्याशित सानातिना अतिरिक्त खर्चका लागि लागत अनुमानमा छुट्याइने रकम सम्झनुपर्छ।

(ग) "**कार्यालय**" भन्नाले शिवालय गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(घ) "**नियमावली**" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झाउनुपर्छ।

(ङ) "**गाउँपालिका**" भन्नालय शिवालय गाउँपालिकालाई सम्झनुपर्छ।

(च) "**कन्टिन्जेन्सी खर्च**" भन्नाले दफा ५ बमोजिमका क्षेत्रमा गरिने खर्च सम्झनुपर्छ।

(छ) "**वर्क चार्ज स्टाफ खर्च**" भन्नाले सम्बन्धित निर्माण कार्यको सुपरभिजन र प्रत्यक्ष रुपमा सम्बन्धित कर्मचारी खर्च, अपरेटर तथा सवारी चालक खर्च, सवारी साधन तथा मेशीनरी औजार उपकरणको मर्मत संभार खर्चलाई सम्झनुपर्छ।

(ज) "**सानातिना अन्य खर्च**" भन्नाले सम्बन्धित निर्माण कार्यसँग सम्बन्धित बोलपत्र/प्रस्ताव तयारी खर्च, सूचना प्रकाशन, इन्धन, स्टेशनरी, फर्निचर, टेलिफोन, विद्युत तथा पानी महशुल सम्बन्धी खर्च, फोटोकपी/प्रिन्टर्श/कम्प्युटर खरिद, बैठक भत्ता तथा मर्मत एवं नियमित रुपमा कार्यालय व्यवस्थापनका लागि आवश्यक पर्ने अन्य सामान सम्बन्धी खर्चलाई सम्झनुपर्छ।

३. **<u>कार्यविधिको उद्देश्यः</u>** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ:

(क) योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्नु,

(ख) दफा ५ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिन्जेन्सी वापको रकममा खर्च गर्नु,

(ग) कन्टिन्जेन्सी रकमलाई एकीकृत रुपमा लगत राखी सोको योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्नु,

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्नु,

(ङ) कन्टिन्जेन्सी रकम र खर्चको अभिलेखीकरण गर्नु।

## परिच्छेद – २

## <u>कन्टिन्जेन्सी रकम तथा खर्च सम्बन्धी व्यवस्था</u>

४. **<u>कन्टिन्जेन्सी रकमको व्यवस्थाः</u>** कन्टिन्जेन्सी रकम सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) कार्यान्वयन हुने प्रत्येक योजनाको विनियोजित रकमको ३ (तीन) प्रतिशतले हुने रकम

कन्टिन्जेन्सी बापत् कट्टा गरिनेछ। संघीय तथा प्रदेश कानून बमोजिम कार्यान्वयन हुने योजनाको हकमा सम्बन्धित कानूनमा तोकिए बमोजिम नै कट्टी गरिनेछ।

(ख) गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुबाट तोकिए बमोजिम कन्टिन्जेन्सी वापतको रकम कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा ५ मा उल्लेख भए बमोजिमका क्षेत्रहरुमा मात्र खर्च गर्न सकिनेछ।

(ग) योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकम कट्टा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी योजनाको लागत अनुमान तयार गरिनेछ।

**५.** **<u>खर्च गर्न सकिने क्षेत्रहरुः</u>** योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमलाई गाउँपालिकाले देहायका शीर्षकहरुमा खर्च गर्न सकिनेछ।

(क) योजना अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन, जाँचपास तथा प्रतिवेदन सम्बन्धि खर्च एवं योजनासँग सम्बन्धित प्रशासनिक र बैठक भत्ता लगाएत खाजा तथा खाना खर्च,

(ख) योजना कार्यन्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

(ग) योजना कार्यन्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापन तथा कर्मचारीको व्यवस्थापनमा लाग्ने फिल्ड तथा दैनिक भ्रमण भत्ता लगायतका खर्च,

(घ) विनियोजित बजेट नरहेको तर तत्काल कार्यन्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु,

(ङ) गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकिएका अन्य क्षेत्र,

(च) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि अभिमुखीकरण/ तालिम/ गोष्ठी कार्यक्रम सञ्चालनमा लाग्ने खर्च,

(छ) लेखापरीक्षण सम्बन्धी खर्च,

(ज) योजना तथा कार्यक्रम कार्यान्वयन अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायत खर्च,

(झ) स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अध्ययन गरी त्यस्ता असल अभ्यासलाई

कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च,

(ञ) योजनासँग सम्बन्धित सामाजिक परिचालन खर्च,

(ट) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना खर्च आवश्यक खर्च,

(ठ) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धि खर्च।

६. **कन्टिन्जेन्सी रकमको खर्च सीमा:** कन्टिन्जेन्सी रकमको खर्च देहायानुसार गरिनेछ:

(क) कुल कन्टिन्जेन्सी रकमको प्रशासनिक (चालु) खर्च अधिकतम ६० (साठी) प्रतिशत सम्म गर्न सकिनेछ।

(ख) योजना तथा कार्यक्रमको कुल कन्टिन्जेन्सी रकम मध्ये अति आवश्यक र तत्काल गर्नुपर्ने पूँजीगत आयोजनाको हकमा रकम विनियोजन गरि खर्च गर्न बाधा पर्ने छैन।

७. **कन्टिन्जेन्सी रकम एकीकरण तथा खर्च प्रणाली:** गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई आर्थिक

वर्षको शुरुममा नै एकीकृत रुपमा हिसाब गरी सो को खर्च गरिने क्षेत्रहरुको अध्ययन गरी अनुसूचि-१ बमोजिम कन्टिन्जेन्सी खर्चको कार्ययोजना तयार गरी राखिनेछ।

तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयनसँगै खर्च गरिने व्यवस्था मिलाईनेछ।

## परिच्छेद – ३

## विविध

८. **कन्टिन्जेन्सी रकम फ्रिज सम्बन्धी व्यवस्था:** आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम देहाय बमोजिम हुनेछ:

(क) नेपाल सरकार तथा प्रदेश सरकार तथा अन्य निकायहरुको शशर्त अनुदान अन्तर्गतको फ्रिज हुने भनी तोकेको सबै प्रकारका अनुदानको कन्टिन्जेन्सी रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ३ (तीन) दिन अगावै भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्नेछ।

(ख) आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहेको कन्टिन्जेन्सी रकम स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ र आगामी आर्थिक

वर्षको लागि अनुसूची-१ बमोजिमको कार्ययोजना तयार गरी खर्च गर्न सकिनेछ।

(ग) गाउँपालिकाको आफ्नो योजनाको कन्टिन्जेन्सी रकम खर्च नभएमा सो रकम आर्थिक वर्षको अन्त्यमा कर्मचारी कल्याणकोषमा समेत दाखिला गर्न सकिनेछ।

९. **<u>थपघट, हेरफेर वा संशोधनः</u>** गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यक्ता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ।

१०. **<u>वाधा अड्काउ फुकाउने अधिकारः</u>** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यापालिकाको हुनेछ।

तर प्रचलित संघीय तथा प्रादेशिक कानूनमा अन्यथा व्यवस्था भएकोमा सो विपरित वाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन।

११. **<u>कार्यविधि बमोजिम भए गरेको मानिने:</u>** यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची -१

(कार्यविधिको दफा ७ सँग सम्बन्धित)

## कन्टिन्जेन्सी रकम खर्च कार्ययोजना

| सि.नं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम | कन्टिन्जेन्सी रकम | खर्च शिर्षक | खर्च हुने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

**आज्ञाले**

गोपाल शाही

प्रमुख प्रशासकीय अधिकृत